# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 17.07.2025**

---

***यो आकाशवाणी हो***

***प्रस्तुत छ प्रमुख समाचार :-***

- ***राष्ट्रपति द्रौपदी मुर्मुले स्वच्छ सर्वेक्षण 2024-2025 को नौनो संस्करणका पुरस्काहरू ज नयाँ दिल्लीमा आयोजित एक समारोहमा प्रदान गर्नुभयो । इन्दौरले लगातार आठो वर्ष, भारतको सबभन्दा स्वच्छ शहरको खिताब प्राप्त गरेकोछ ।***
- ***गृह तथा सहकारिता मन्त्री अमित शाह आज राजस्थानमा जयपुर नजिक आयोजित सहकारिता तथा रोजगार उत्सवमा शामेल हुनुभयो। विभिन्न पूर्वाधार परियोजनाहरू उहाँले उद्घाटन गर्नुभयो।***
- ***विदेश मनत्रालयले यमनमा निमिषा प्रियाको विषय सम्वेदनशील रहेको भनेकोछ। भारत सरकारले यसबारे हर संभव सहायता प्रदान गरि रहेकोछ।***
- ***केन्द्रिय युवा मामिला तथा खेल मन्त्री डां मनसुख मांडवियाले आज नयाँ दिल्लीमा खेलो भारत सम्मेलनको उद्घाटन गर्नुभयो।***

---

***मांडविया- खेलो भारत***

केन्द्रिय युवा मामिला तथा खेल मन्त्री डां मनसुख मांडवियाले आज नयाँ दिल्लीमा खेलो भारत सम्मेलनको उद्घाटन गर्नुभयो । यस अवसरमा उपस्थित मानिसहरूलाई संबोधित गर्दै उहाँले खेलहरूलाई एक जन- आन्दोलन बनाउने आवश्यकतामा जोढ़ दिनुभयो । उहाँले भन्नुभयो जनता, खेल- महासंघ, राज्य सरकारहरू र केन्द्र सरकार लगायत- सबै सरोकारवालाहहरूका सामूहिक प्रयासले भारतले यसलाई प्राप्त गर्न सक्छ।

---

***अमित शाह- जयपुर***

गृह तथा सहकारिता मन्त्री अमित शाह, आज राजस्थानमा जयपुर नजिक आयोजित सहकारिता तथा रोजगार उत्सवमा शामेल हुनुभयो। श्री शाहले पुलिस स्टेशन, सशस्त्र बल, सैन्य वाहनहरू अनि प्रशिक्षण उद्देश्यहरूका लागि प्रयोग गरिने एक सय नयाँ पुलिस वाहनहरूलाई झण्डा देखाई शुभारम्भ गर्नुभयो। उहाँले विभिन्न योजनाहरूका लाभार्थहरूलाई प्रमाण पत्र तथा चेक वितरण गर्नुभयो। श्री शाहले सहकारिताका विभिन्न पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुभयो । उहाँले श्री- अन्नको प्रोत्साहनका लागि विश्वको सबभन्दा ठूलो अनाज झण्डारण योजना अन्तर्गत निर्मित 24 गोदाम अनि 64 मोटो अनाजका विक्र्य केन्द्रहरूको उद्घाटन गर्नुभयो।

कार्यक्रमलाई संबोधित गर्दै श्री शाहले भन्नुभयो, सहकारिताहरूको ठूलो योगदान रहेकोछ । उहाँले आगामी एक सय वर्ष, सहकारिताको भएको, भन्नुभयो।

---

## ***राष्ट्रपति- स्वच्छ सर्वेक्षण***

इन्दौरले लगातार आठो वर्ष, भारतको सबभन्दा स्वच्छ शहरको खिताब, कायम राखेकोछ । केन्द्र सरकारको वार्षिक स्वच्छता सर्वेक्षणमा सूरत दोस्रो स्थानमा रहेकोछ भने, नवी मुंबईले तेस्रो स्थान ओगटेकोछ । राष्ट्रपति द्रौपदी मुर्मुले स्वच्छ सर्वेक्षण 2024-2025 को नौवो संस्करणको पुरस्कार आज नयाँ दिल्लीमा आयोजित एक समारोहमा प्रदान गर्नुभयो ।

यस अवसरमा विकसित भारत 2047 को विजनको, स्वच्छता सबभन्दा महत्वपूर्ण पक्ष रहेको कुरामा राष्ट्रपतिले प्रकाश पार्नुभयो । उहाँले देशवासीहरूसित, देशलाई स्वच्छ, स्वस्थ र विकसित बनाउनका लागि अघाढ़ी आउने आग्रह गर्नुभयो ।

प्राचीन काल देखि नै, स्वच्छता, देशको सांस्कृतिक र आध्यत्मिक चेत्नाको प्रमुख तत्व रहेकोमा उहाँले जोढ़ दिनुभयो । राष्ट्रपतिले, 2025 मा, देशले स्वच्छता र आस्थाको अदभुत संगम हेर्नेछ, भन्नुभयो ।

तीन देखि 10 लाखको आबादी भएको शहरहरूको श्रेणीमा- नेस्डा सबैभन्दा स्वच्छ शहर रहयो त्यसपछी चंडीगढ़ र मैसूरको स्थान रहयो । 10 लाख भन्दा बढि आबादी भएका शहरहरूको श्रेणीमा अहमदाबाद प्रछम स्थानमाछ । कार्यक्रममा, विभिन्न श्रेणीहरूमा जम्मा 78 पुरस्कारहरू प्रदान गरयो । शहरी स्वच्छता र सरसफाईको प्रयासका रूपमा सिक्किम राज्यको मंगन नगर पञ्चायतलाई समर्थ स्वच्छ शहर पुरस्कार प्राप्त भएको छ।

नयाँ दिल्लीको विज्ञान भवनमा आयोजित स्वच्छ सर्वेक्षण पुरस्कार 2024-2025 को अवसरमा केन्द्रिय आवास तथा शहरी मामिला मन्त्री मनोहर लाल खट्टरले यो पुरस्तार प्रदान गर्नुभएको हो ।

---

## ***अमरनाथ यात्रा अस्थायी रोक***

जम्मू-कश्मीरमा खराब मोसमले गर्दा अमरनाथ यात्रा माथि अस्थायी रोक लगाइएकोछ । आधिकारिक रूपले बालतल र पहलगाम मर्णहरूमा मूसलाधार वर्षाले गर्दा आज तीर्थयात्रा रद्द गरिने निर्णय लिइयो । कुनैपनि समूहलाई कश्मीर तर्फ जम्मू आधार शिविरबाट अघाढी जाने अनुमति दिइएन । पछिल्ला 14 दिनमा डिजो सांझ सम्म झण्डै ढाई लाख तीर्थयात्रीहरूले पवित्र गुफामा शिविलिङको दर्शन गरि सकेकाछन् ।

यसैबीच, जम्मू कश्मीरका अग्ला ठाउँहरूमा लगातार वर्षाले गर्दा भएको भूस्खलनका कारण फंसेका सैकड़ौ अमरनाथ तीर्थयात्रीहरूको बचाव कार्यमा सेना लागि परेकोछ ।

---

## ***विदेश मन्त्रालय- निमिषा प्रिया***

विदेश मन्त्रालयले, यमनमा निमिषा प्रियाको विषय सम्वेदनशील रहेको भनेकोछ । भारत सरकारले यस बारे हर संभव सहायता प्रदान गरि रहेकोछ । नयाँ दिल्लीमा आज मन्त्रालयका प्रवक्ता रणधीर जायलवालले, भारत सरकारले परिवारको सहायताका लागि एक उकील पनि नियुक्त गरेको भन्नुभयो । श्री जायसवालले भन्नुभयो, सरकार यस मुद्दाको समाधानका लागि स्थानीय अधिकारीहरू र परिवारका सदस्यहरूका साथ लगातार सम्पर्कमाछ । यमनका अधिकारीहरूले हिजो निर्धारित निमिषाको सजाय संबधी कार्रवाई स्थगित गरेको उहाँले भन्नुभयो ।

श्री जायसवालले ब्रिटेन- भारत मुक्त व्यापार समझौताबारे भन्नुभयो, कुराकानीमा राम्रो प्रगति भई रहेकोछ र आगामी चरणको वार्ता, फरवरीमा, दिल्लीमा हुनेछ ।

---

***एन आई ए- उल्फा***

राष्ट्रीय अन्वेषण अभिकरणले प्रतिबंधित उफा Independent अग्रवादी समूहद्वारा जड़ान गरिएको एउटा अत्याधुनिक विस्फोट संपत्र फेला पारिएको संबधमा थप दुई व्यक्तिहरूलाई पक्राउ गरेकोछ । अभिकरणले, गुवाहाटीमा दिसपुर लास्ट गेट नजिग यो संयत्र फेला पारिएको भन्दै, फोहोर, स्वतन्त्रता दिवसको असममा धेर ठाउँमा विस्फोटहरू गराउने एउटा ठूलो षड़यन्त्रको एक भाग भएको, बताए ।

NIA बमोजिम, गिरफतार आरोपी उल्फाद्वारा रचेको पडयन्त्रमा प्रत्यक्ष रूपमा शामेल थियो अनि राष्ट्रको समप्रभुता सुरक्षा र अत्वण्डतालाई खतरामा, हाल्न उसको उद्देश्य रहेको थियो । यसका साथै, यस मामिलामा पक्राउ भएकाहरूको जम्मा संख्या तीन भएकोछ ।

---

***जडाला- विशेष ओलम्पिक***

एशियाकी शीर्ष स्थानमा रहेका Para lawm tennis खेलाड़ी लक्ष्मी जडालाले जसलाई बौद्धिक अक्षमता पनिछ, मध्यप्रदेशको ग्वालियरमा आयोजित राष्ट्रीय टेनिस चैम्पियनशीप 2025 (दिव्याँङ खेल) मा स्वर्ण पदक जीतेका छन् । यस घतलाग्दो जीत साथै, 15 वर्ष जडाला इजिप्टको Cairo मा हुने Special Olympics World Games 2027 का लागि आधिकारिक रूपमा उत्रीर्ण भएकाछन्। 17 वर्ष मुनिको जूनियर वर्गमा, जडालाले सोझो सेटहरू सबै तीन मैचहरू जीते ।

---

***रक्षा अभियान***

रक्षा सचिव राजेश कुमार सिंहले आज नयाँ दिल्लीमा सगरमाधा र किलमिन्जारो पर्वतरोहण अभियानहरूलाई ओपचारिक तवरमा शुभारंभ गर्नुभयो । यसको आयोजन, हिमाली पर्वतारोहण संस्थान, दार्जिलिङ र जवाहर पर्वतारोहण तथा शीतकालीन खेल संस्थान, पहलगामको सहयोगले गरियो ।

---

***अन्त्यमा प्रमुख समाचार पुन एकपल्ट***

- ***राष्ट्रपति द्रौपदी मुर्मुले स्वच्छ सर्वेक्षण 2024-2025 को नौनो संस्करणका पुरस्काहरू ज नयाँ दिल्लीमा आयोजित एक समारोहमा प्रदान गर्नुभयो । इन्दौरले लगातार आठो वर्ष, भारतको सबभन्दा स्वच्छ शहरको खिताब प्राप्त गरेकोछ ।***
- ***गृह तथा सहकारिता मन्त्री अमित शाह आज राजस्थानमा जयपुर नजिक आयोजित सहकारिता तथा रोजगार उत्सवमा शामेल हुनुभयो । विभिन्न पूर्वाधार परियोजनाहरू उहाँले उद्घाटन गर्नुभयो ।***
- ***विदेश मनत्रालयले यमनमा निमिषा प्रियाको विषय सम्वेदनशील रहेको भनेकोछ । भारत सरकारले यसबारे हर संभव सहायता प्रदान गरि रहेकोछ ।***
- ***केन्द्रिय युवा मामिला तथा खेल मन्त्री डां मनसुख मांडवियाले आज नयाँ दिल्लीमा खेलो भारत सम्मेलनको उद्घाटन गर्नुभयो ।***

---